

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ९ गते बुधबार ❑ 21 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## शैक्षिक उन्नयनका निम्ति काम गर्ने प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन



सङ्घीय सरकारका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं पोखरा विश्वविद्यालयका सहकुलपति अशोक राईले रोजगारीमूलक शिक्षा देशव्यापी बनाउन नसक्दा उच्च शिक्षाको अवसर खोज्दै युवावर्ग विदेशिने क्रम नरोकिएकामा चिन्ता व्यक्त गर्नुभएको छ।

पोखरा विश्वविद्यालयको उन्नाइसौँ दीक्षान्त समारोहमा आज उहाँले त्यस्तो चिन्ता व्यक्त गर्नुभएको हो। "रोजगारीमूलक शिक्षा दिन नसक्नु हाम्रो कमजोरी हो, उनीहरू देशमा भविष्य नदेखेर विदेश पलायन भएका हुन्," मन्त्री राईले भन्नुभयो, "उनीहरूलाई नेपालमा बस्ने वातावरण बनाउन रोजगारीमूलक शिक्षा र उच्च शिक्षामा अनुसन्धनात्मक कार्यमा लगाउन जरुरी हुन्छ।" देशको अर्थतन्त्र कमजोर भएका कारण सरकारले शिक्षामा लगानी वृद्धि गर्न नसकेको बताउँदै उहाँले उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी शैक्षिक उन्नयन हासिल गर्नु आफ्नो एकमात्र उद्देश्य भएको बताउनुभयो।

नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान कोइरालाले पूर्वीय दर्शनलाई पछ्याउन नसक्दा उच्च शिक्षामा चुनौती खडा भएको बताउनुभयो। उहाँले देशमा अध्ययन-अध्यापन र व्यवस्थापन कमजोर हुँदा विद्यार्थी विदेशिका हुन् भन्दै विगतबाट पाठ सिकेर गुणस्तरीय शिक्षाको प्रबन्ध स्वदेशमा नै गर्न सरकार इमानदार भएर लाग्नुपर्ने बताउनुभयो।

पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालको अध्यक्षतामा भएको समारोहमा विभिन्न सङ्कायमा उच्च अङ्क हासिल गरेका विद्यार्थीलाई विभूषण प्रदान गरिएको थियो।

## पीडितले न्याय पाउने गरी टिआरसी टुङ्ग्याउनुपर्ने

**रासस**
काठमाडौं, ८ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) पीडितहरूले न्याय पाउने गरी टुङ्ग्याउनुपर्नेमा जोड दिनुभएको छ।

पार्टी केन्द्रीय कमिटीको आजदेखि प्रारम्भ भएको सातौँ पूर्ण बैठकमा नेता ओलीले सत्ता गठबन्धनका शीर्ष नेताको अनिच्छाका कारण सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन नसकिएको आरोप लगाउनुभयो। उहाँले पीडित पक्षले न्याय पाउनुपर्छ भन्नेमा आफ्नो पार्टी स्पष्ट रहेको बताउनुभयो। विपक्षी दलका नेता उहाँले पृथक प्रसङ्गमा देश र जनताका मुद्दामा आवश्यक परेमा पार्टीले संसद् र सडकबाट सङ्घर्ष गर्ने चेतावनी पनि दिनुभयो। यद्यपि त्यसबारेमा विस्तृत व्याख्या उहाँले गर्नुभएन। अध्यक्ष ओलीले देश र जनताका पक्षमा इमानदार भएर काम गर्न सरकारलाई आग्रह गर्नुभयो। मंगलबारको बैठकमा शुद्धीकरण र सुदृढीकरण सम्बन्धमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्त र जनआधारित कार्यकर्ता पार्टीको मर्मलाई बुझ्ने र कार्यान्वयन गर्ने चुनौती सम्बन्धमा उपाध्यक्ष विष्णुप्रसाद पौडेल, पार्टीको सङ्गठनात्मक कामको समीक्षा महासचिव शङ्कर पोखरेल र जनसरोकार जनदबाबसम्बन्धमा उपमहासचिव प्रदीपकुमार ज्ञवालीले अवधारणासहितका कार्ययोजना प्रस्तुत गर्नुभयो। बैठकमा प्रस्तुत अवधारणालाई निचोडमा पुर्‍याउन स्थायी कमिटीका सदस्यहरू रहेको एक, सात प्रदेशका सात र उपत्यका तथा सम्पर्क विशेष, जनसङ्गठन, प्रवासको एक गरी नौवटा समूह विभाजन गरिएको छ। बुधबारदेखिको बैठकमा समूहगत छलफल हुनेछ। बैठकमा झुलाघाट-चिवाभञ्ज्याङ 'समृद्धिका लागि सङ्कल्प यात्रा' र पार्टीको सङ्गठनात्मक सुदृढीकरण र विस्तार अभियान 'मिसन ग्रासरुट' अभियानको प्रभावको समीक्षा हुने एमालेको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो।

## कांग्रेस महासमिति बैठकमा पाँच प्रतिवेदन पेस

**रासस**
काठमाडौं, ८ फागुन

सोमबारदेखि सुरु भएको नेपाली कांग्रेस महासमिति बैठकमा मंगलबार पाँच वटा प्रतिवेदन पेस भएका छन्।

बैठकको पार्टी उपसभापति तथा उपप्रधान एवं रक्षमन्त्री पूर्णबहादुर खड्काले नीति प्रस्ताव पेस गर्नुभएको थियो।

त्यसैगरी महामन्त्री गगन थापाले साङ्गठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रतिवेदन, कांग्रेसका प्रवक्ता तथा अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन र लेखा समिति संयोजक श्यामकुमार घिमिरेले लेखा परीक्षण प्रतिवेदन गर्नुभएको हो।

उपसभापति खड्काले कांग्रेसको आन्तरिक जीवन तथा राष्ट्रिय सन्दर्भमा उठेको प्रश्न र अप्ठ्याराको समाधान खोज्न महासमितिले नीतिगत निर्णय गर्दै अघि बढ्ने बताउनुभयो। जिम्मेवार नेपाली कांग्रेस : समुन्नत देश नारा दिएर नेपाली कांग्रेसको राजनीतिक नीतिलाई अघि बढाइएको उपसभापति खड्काले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मुलुकका विभिन्न युगान्तकारी परिवर्तनमा कांग्रेसको सन्तुलित समन्वयकारी र सर्वस्वीकार्य राजनीतिक नेतृत्व भूमिका विचार र नीति निर्णायक रहँदै आएको छ।" महामन्त्री गगन थापाले साङ्गठनिक प्रस्ताव पेश गर्नुहुँदै पार्टीलाई सामाजिक रूपान्तरणको संवाहक बनाउने र सामाजिक आन्दोलनसँग जोड्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पार्टीले नेतृत्व गरेका सबै तहका सरकार सञ्चालनका लागि सुशासनलाई मन्त्र बनाइ जनतालाई निरन्तर तीनका मुद्दासँग जोडिएको अनुभुत गराउनेछौँ। अवसर पाएको बेला अब्बल सेवा प्रवाह गर्न भविष्यप्रतिको भरोसा दिलाउनेछौँ।" महामन्त्री थापाले एक विशिष्ट परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ नेपाली कांग्रेसले पाँच दलीय गठबन्धनको नेतृत्व गर्दै सरकारको जिम्मेवारी बहन गर्नुपरेको उल्लेख गर्नुभयो। उहाँले आगामी निर्वाचनमा पार्टी एक्लै चुनाव लड्न सक्ने गरी सङ्गठनलाई बलियो बनाउने बताउनुभयो।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले सङ्घर्ष र संविधानसभाको मार्गबाट आएको नेपालको वर्तमान संविधानबाट नै सबै चुनौतीको हल गर्दै मुलुकलाई समुन्नतिको उचाइमा पुर्‍याउने भरपर्दो माध्यम हो भन्ने तथ्यमा नेपाली कांग्रेस स्पष्ट भएको बताउनुभयो। उहाँले एकल बहुमत कसैको नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभारा कांग्रेसको रहेको बताउनुभएको छ। पार्टी प्रवक्ता महतले लोकतान्त्रिक समाजवादको आर्दशलाई कांग्रेसले आत्मासात् गर्ने बताउनुभयो। उहाँले आर्थिक वृद्धि र न्यायोचित वितरण, उपत्पादन वृद्धि र रोजगारी सृजना तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुपर्ने नीतिको पक्षमा कांग्रेस अडिग रहेको जानकारी दिनुभयो। उहाँले अर्थतन्त्रलाई गतिशील बनाउन पहल भइरहेको बताउनुभयो। त्यसैगरी लेखा समिति संयोजक श्याम घिमिरेले कांग्रेसको मुख्य आम्दानी सदस्यता लेभी, नवीकरण, शुल्क रहेको जनाउनुभएको छ। कांग्रेसले आफ्नो रकम निर्वाचन, अधिवेशन, कार्यालय सञ्चालन, भ्रातृ सङ्गठन, ह्रास तथा अपलेखनमा खर्च हुने गरेको पनि लेखा समिति संयोजक घिमिरेले प्रतिवेदनमार्फत जानकारी गराउनुभएको छ।

महासमिति बैठकमा आज पेस गरिएका प्रतिवेदनमा बुधबारदेखि छलफल हुनेछ। बैठक यही फागुन १० गतेसम्म सञ्चालन हुनेछ।

## नेपाल 'ए'द्वारा क्यानडा-११ पराजित

**रासस**
काठमाडौं, ८ फागुन

नेपाल 'ए' टोली क्यानडा-११ विरुद्धको एकदिवसीय शृङ्खलाको दोस्रो खेलमा विजयी भएको छ। नेपाल 'ए'ले क्यानडा-११ लाई दुई विकेटले पराजित गरेको हो।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा मंगलबार टस हार्दै क्यानडा-११ ले पहिला ब्याटिङ गर्दै ४९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ४० रन बनायो। दुई सय ४१ रनको विजयी लक्ष्य नेपालले ४९ दशमलव एक ओभरमा आठ विकेट गुमाउँदै पूरा गर्‍यो। यसअघि पहिलो खेलमा नेपाल 'ए' क्यानडा-११ सँग चार विकेटले पराजित भएको थियो।

नेपालका लागि सन्दीप जोरालले सर्वाधिक ६६ रनको अर्द्धशतकीय पारी खेले। उनले ७४ बल खेल्दै सात चौका र एक छक्का हाने। त्यस्तै बसिर अहमदले ५२ रन बनाए। उनले ७० बलमा चार चौका र एक छक्का हिर्काए। रासिद खानले ४७ तथा अर्जुन कुमालले ४० रन बनाए। बलिङतर्फ क्यानडा-११ का निखिल दत्तले दुई तथा साद बिन जफर र हर्श थाकरले एक एक विकेट लिए। त्यसअघि पहिला ब्याटिङ गर्ने क्रममा क्यानडा-११ का लागि श्रेयास मोम्भाले सर्वाधिक ६८ रनको योगदान दिए। उनले ८२ बलमा पाँच चौका हाने। यस्तै नवनित दलिवालले ४६, श्रीमन्था विजयरत्नेले ४१, आरोन जोनसनले ३६ तथा डिलोन हेलिगरले १६ रन बनाए। बलिङतर्फ नेपालका साहब आलमले तीन, शेर मल्ल र रासिद खानले दुई दुई तथा सागर ढकाल र बसिर अहमदले एक एक विकेट लिए। उक्त शृङ्खलाको अन्तिम खेल यही फागुन १० गते हुनेछ।


## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

*आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## निर्वाचनमा गोरखा गएको औचित्य पुष्टि हुनेगरी कामगर्छु: प्रधानमन्त्री

**रासस**
काठमाडौं, ८ माघ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखाले चीरकालसम्म स्मरण गर्नेगरी सो जिल्लाको विकासमा लागिपरेको बताउनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार गोरखा पत्रकार समाज नेपालका पदाधिकारीसँगको भेटमा प्रधानमन्त्री दाहालले गोरखाको विकासमार्फत् आफू निर्वाचनका लागि गोरखा गएको औचित्य पुष्टि गर्ने स्पष्ट गर्नुभएको हो। उहाँले भन्नुभयो "यसपटक नीतिगत निर्णय र बजेट बिनियोजनको कमाण्ड लिएको छु, गोरखा मेरो उच्च प्राथमिकतामा छ। सबैले महसुस गर्नेगरी काम गर्ने मेरो योजना छ।" उहाँले जनताका अपेक्षा धेरै भएको भन्दै गोरखाको विकासमा चाहेजति ध्यान दिन नसकेको पनि उल्लेख गर्नुभयो।

बिगतमा समयको दबाबले अपेक्षाअनुसारको काम गर्न नसकेको उल्लेख गर्दै उहाँले यसपटक भने आफूले गोरखालाई उच्च प्राथमिकतामा राखेको दोहोर्‍याउनुभयो। उहाँले आँपपिपल अस्पतालको क्षमताअभिबृद्धिका लागि मन्त्रिपरिषद्बाट निर्णय भइसकेको जानकारी गराउँदै केही दिनभित्र बुढीगण्डकी आयोजना शिलन्यास हुने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो "बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि स्रोतको सुनिश्चितता भइसकेको छ। अब केही दिनभित्रै शिलन्यास हुन्छ। यसले पनि गोरखामा मात्रै नभइ मुलुकमा नै केही राम्रो काम हुँदैछ भन्ने सन्देश जानेछ।" उहाँले हाल


बाँकी अन्तिम पृष्ठमा ▶▶






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा बुधबारदेखि सूर्य नेपाल वेस्टर्न ओपन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

पोखरामा बुधबारदेखि सूर्य नेपाल वेस्टर्न ओपन गल्फ प्रतियोगिता सुरू हुने भएको छ। पोखराको हिमालयन गल्फ कोर्षमा तीन दीन संचालन हुने उक्त प्रतियोगिताको तयारी पूरा भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो।

प्रतियोगितामा गण्डकी प्रदेशका ११ जना सहित देश भरका ५० जना खेलाडीहरू सहभागी हुने भएको प्रोफेसनल गल्फ संघ नेपालका महासचिव दीपक आचार्यले बताउनु भयो। प्रतियोगिता ५४ होलमा हुने तयारी गरिएको छ भने सूर्य नेपाल वेस्टर्न ओपनमा ३५ प्रोफेसनल(व्यवसायीक) र १५ एमेच्योर खेलाडीको सहभागीता हुने उहाँले जनाउनु भयो।

प्रतियोगितामा विजेताले १ लाख ४० हजार, तथा दोस्रो र तेस्रो हुनेले क्रमश ९६ हजार र ७२ हजार नगद पुरस्कार प्राप्त गर्ने छन। चौंथो र पाँचौं स्थान प्राप्त गर्न प्रोफेसनल




खेलाडीले क्रमशः ५९ हजार र ५० हजार हात पार्ने छन। साथै उत्कृष्ट २१ मा पर्न सफल अन्य गल्फरले नगद हात पार्ने छन्। प्रतियोगितामा कुल ८ लाख ४० हजार नगद पुरस्कार राशी रहेको महासचिव आचार्यले दाबी गर्दै उत्तिनै रकम अन्य तयारी सहित व्यबस्थापनमा खर्च हुने जनाउनु भयो। प्रतियोगिताको अन्तिम दिन शनिबार प्रो-एम प्रतियोगिता हुनेछ। सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत कुल आठ प्रतियोगिता हुने भएको छ भने जसमा कुल ६५ लाख नगद पुरस्कार रहेको संघले जनाएको छ। उक्त प्रतियोगिताले पोखराको गल्फ खेल सहित पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने संघ गण्डकी प्रदेशका अध्यक्ष ईन्द्रधारा विष्टले बताउनु भयो।

डिफेन्डिङ च्याम्पियन तथा नेपाल नम्बर एक गल्फर शुक्र बहादुर राई र सुबाश तामाङ भारतीय गल्फ टुरमा व्यस्त रहेको हुनाले यस प्रतियोगितामा सहभागी नहुने आयोजकले जनाएको छ। गत महिना धरानमा सम्पन्न सूर्य नेपाल इस्टर्न ओपनको उपाधि जितेर शुक्र भारतीय गल्फ टुरमा सहभागिता जनाउन जानु भएको हो। पूर्व नम्बर एक एमेच्योर गल्फर सुबाशले प्रोफेसनल गल्फ टुर अफ इण्डियाको क्वालीफाईङ्ग स्कूलमा दोश्रो हुँदै भारतीय गल्फ टुरको २०२४ सिजनको लागि कार्ड प्राप्त गर्नु भएको छ।

यो सिजनको दोस्रो प्रतियोगिता, सूर्य नेपाल एनपीजीए म्याच प्लेका उपाधि विजेता दिनेश प्रजापति सहित पूर्व नम्बर एक खेलाडीहरु भुवन नगरकोटी र रवि खड्का, जयराम श्रेष्ठ, नीरज तामाङ, सञ्जय लामा, धन बहादुर थापा दाबेदार खेलाडी हुनुहुन्छ। प्रतियोगितामा नेपाली राष्ट्रिय गल्फ टिमका एमेच्योर खेलाडी सदभाव आचार्य पनि दावेदार मध्येका एक हुनु हुन्छ।

सदभावले यो सिजनको पहिलो प्रतियोगिता, सुर्य नेपाल सेन्ट्र उपाधि जितेकाजत्नु भएको थियो। ३६ होलको समाप्तीमा कट लागु हुनेछ। जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन। एमेच्योर खेलाडीको हकमा पनि प्रोफेसनल खेलाडीको कटमा पर्नेले मात्र अन्तिम १८ होलको प्रतिस्पर्धामा सहभागीता जनाउन पाउनेछन। गण्डकी प्रदेशका भु बहादुर गुरुङ, संजिव सिके र दल बहादुर लामा व्यवसायीक खेलाडी सहित अन्य ८ जना एमेच्योर खेलाडीहरु सहभागि हुनु हुने भएको छ।

# वडा स्तरीय अन्तर विद्यालय छात्र/छात्रा सडक दौडमा छोरेपाटनका भण्डारी र रोकालाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

पोखराको छोरेपाटन माविका छात्र तथा छात्राले वडा स्तरिय अन्तर बिद्यालय स्तरिय ५ किलोमिटर सडक दौड प्रतियोगितामा उपाधि जितेका छन्।

पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको पुल्चोक क्लबको आयोजनामा हालै सम्पन्न भएको उक्त प्रतियोगितामा छात्रातर्फ बाट छोरेपाटन माध्यमिक विद्यालयकी नारायणी भण्डारी तथा छात्रतर्फ छोरेपाटनकै तेन्जोन रोका मगरले उपाधि जितेका हुन्। भण्डारीले निर्धारित दुरी २६ मिनेट १२ सेकेन्डमा पूरा गर्दै प्रथम हुदा रोका मगरले १८ मिनेट ४५ सेकेन्डमा दौड पुरा गरी प्रथम हुन सफल भएका हुन्। छात्रा तर्फ २६ मिनेट ३४ सेकेन्डमा दौड पुरा गरी छोरेपाटनका विष्णु थापा दोश्रो हुदा छात्रतर्फ २० मिनेट ५४ सेकेन्डमा दुरी पुरा गरी छोरेपाटनकै प्रकाश थिङ दोश्रो भए। छात्रा तर्फ २७ मिनेट १४ सेकेन्डमा दौड पुरा गरी छोरेपाटन माध्यमिक विद्यालयका का कञ्चन लिम्बू



तेश्रो भए भने छात्रतर्फ २१ मिनेट ७ सेकेन्डमा दौड पुरा गरी पार्दी माध्यामिक विद्यालयका भगत गुरुङ तेस्रो भए। छात्रातर्फ २७ मिनेट ४५ सेकेन्डमा दौड पुरा गरी छोरेपाटनका साधना सेवा र छात्र तर्फ २२ मिनेट २० सेकेन्डमा दौड पुरा गरी छोरेपाटनकै समीप परियार शान्त्वना भए। प्रतियोगितामा प्रथम हुने दुबै छात्र र छात्रा लाई जनही ८ हजार साथमा मेडल प्रमाणपत्र, दोस्रो लाई छ हजार तेस्रो हुनेलाई पाँच हजार मेडल प्रमाणपत्र र सान्त्वनालाई तिन हजार मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो। पोखरा वडा नम्बर १७ को प्रबर्द्धनमा भएको प्रतियोगितामा १२० जना विद्यार्थीको सहभागिता रहेको क्लवका अध्यक्ष सुरज खवासले बताए। पार्दी मा।वि। बाट सुरु भएको दौड छोरेपाटन पेट्रोल पम्प( तितेपानी(पुल्चोक(ड्यामसाइड(रास्ट्रबैकचोक(मुस्ताङ चोक हुँदै पार्दी मा।वि। सम्म दौड तय गरेको थियो। विजयी खेलाडीहरुलाई पोखरा महानगरपालिका वडा नं। १७, वडा अध्यक्ष राधिका शाही योगी, पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदार, ड्याम साइड क्लवका अध्यक्ष प्रताप गुरुङ, खेल संयोजन बिक्रम गुरुङ, वडा सदस्य तारा परियार, टोल विकास संस्थाका पदाधिकारील पुरस्कार वितरण गरे। प्रतियोगितालाई सफल पार्न युनिएस ट्रेनिङ एण्ड भिजा, एस हेल्पिङ ह्यान्ड सोसियल इन्टरप्राइजेज, श्री पार्दी मा.वि., प्रोटिन हाउस पोखरा, डेभिज फल क्लब, बिरौटा सुइम एण्ड फिटनेस गोनेसा नेपाल, फिटनेस हब पोखराको सहकार्य रहेको क्लवले जनाएको छ।


## Embassy of India
## Kathmandu (Nepal)

# Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Nursing Assistant (Physiotherapist) | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 03 Mar. 2024.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-433232**


# बिटी कपः लामागाउँ, रामघाट, एलसी ब्रदर्श र एट टु नाइन सेमिफाइनल प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगिताको अन्तिम चारमा लामागाउँ गुम्बा एफसी, रामघाट एफसी, एलसी ब्रदर्श र एट टु नाइन एफसी प्रवेश गरेको छ।

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा मंगलबार भएको पहिलो क्वाटरफाइनल खेलमा लामागाउँ गुम्बा एफसीले एलबी आरवाइसी काठमाडौंलाई ४-१ गोल अन्तरले पराजित गर्दै लामागाउँ गुम्बा एफसी सेमिफाइनलमा प्रवेश गर्यो।

लामागाउँको जीतमा सरोज तितुङ तामाङले २ गोल गरे। यस्तै अनुज भण्डारी र सन्तोष गुरुङले समान १ गोल गरे भने काठमाडौंको तर्फबाट करण खड्काले सान्त्वना १ गोल फर्काए।

यस्तै दोस्रो खेलमा रामघाट एफसीले दिव्यज्योती क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा लामागाउँसँगको भेट पक्का गर्यो। रामघाटको जीतमा राजकुमार कुँवरले निर्णायक गोल गरे। अब




रामघाटले लामागाउँविरुद्ध बुधबार दिउँसो १२ बजे प्रतिस्पर्धा गर्ने खेल संयोजक रामकाजी गुरुङले जानकारी दिए। उनका अनुसार तेस्रो क्वाटरफाइनल खेलमा एलसी ब्रदर्श लामाचौरले एनटु क्याफे टुंडिखेलमाथि २-० गोल अन्तरले जीत निकाल्दै अन्तिम चारमा स्थान बनायो। एलसी ब्रदर्शको जीतमा धिरज मगरले २ गोलको योगदान दिए। यस्तै तारा एफसी र एट टु नाइन एफसीबीच भएको अन्तिम क्वाटरफाइनल खेल गोलरहित निर्धारित समयसकिएपछि पेनाल्टी सुटआउटमा एट टु नाइन एफसीले ३-२ गोल अन्तरले विजयी बन्यो। एट टु नाइन एफसीले अब सेमिफाइनलमा एलसी ब्रदर्शसँग भिड्नेछ। दुवै सेमिफाइनका खेल बुधबार हुनेछ भने फाइनल खेल बिहीबार सम्पन्न गरिने क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए। उनका अनुसार कुल ५६ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ।

# निर्वाचनमा ...

बन्द रहेको गोरखकाली रबर उद्योग सञ्चालनका लागि गम्भीर छलफल भइरहेको जानकारी गराउँदै रुग्ण उद्योगहरू सञ्चालनका लागि अध्ययन भइरहेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले कृषि क्याम्पस र कृषि तथा प्रविधिपार्क निर्माण गर्ने सोचमा आफू रहेको सुनाउनुभयो। उहाँले केही समयअघि भएको आफ्नो चीन भ्रमणका क्रममा पनि यस विषयमा छलफल भएको जानकारी गराउनुभयो। उहाँले भन्नुभयो "चीनमा राँगा र भैंसीको मासुको माग उच्च रहेछ। गोरखामा नै यस्तो केन्द्र निर्माण गर्नुपर्छ भन्ने मेरो सोच छ। रामपुरमा बनाउने कुरा पनि भएको थियो तर मेरो प्राथामिकता गोरखामा नै छ। यसतर्फ म लागिरेहेकै छु।"


# कपालको उपचार
## कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# बढ्दो मानवअधिकार उल्लङ्घन

राजनीतिक परिवर्तनपछि सामाजिक र आर्थिक अवस्थामा सुधार नआउँदा मानवअधिकार सुदृढ हुन सक्दैन भन्ने मानवअधिकार वर्ष पुस्तकले देखाएको छ।मानवअधिकारको क्षेत्रमा काम गर्ने संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले सन् २०२३ मा नौ हजारभन्दा धेरैलाई मानव अधिकार उल्लङ्घन र ज्यादति भएको जनाएको छ । इन्सेकले सोमबार सार्वजनिक गरेको मानव अधिकार वर्ष पुस्तक-२०२४ मा सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिको घटनामा ९ हजार ३ सय ८८ जना पीडित भएको तथ्यांक उल्लेख छ । मानवअधिकारको क्षेत्रमा तथ्य परक र विश्वासिलो अभिलेख भएको पुस्तकले नेपालको मानवअधिकारको स्थिति दर्शाउँछ।अन्तर्राष्ट्रिय समुदाय, राजनीतिक दल, सरकारी र गैरसरकारी क्षेत्रले विश्वास गरेको वर्ष पुस्तकमा सन् २०२३ (२०७९ पुस १७ देखि २०८० पुष १५ गतेसम्म) मानव अधिकार उल्लङ्घनका घटनामा १ सय ४६ जना महिला र ८ सय ४२ पुरुष गरी जम्मा ९ सय ८८ जना पीडित भएको इन्सेकको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी ज्यादतिका घटनामा ७ हजार ७ सय १६ महिला, २ जना एलजीबीटीआइक्यु र ६ सय ८२ जना पुरुष पीडित भएको प्रतिवेदनमा उल्लेख छ । इन्सेकले सन् २०२२ मा मानव अधिकार उल्लङ्घन र ज्यादतिका घटनामा ७ हजार ३ सय ७६ जना पीडित भएको उल्लेख गर्दै सन् २०२३ मा यो संख्या सन् २०२२ भन्दा २ हजार १२ जना बढी भएको जनाएको छ । सन् २०२३ मा राज्य पक्षबाट ६ जनाको हत्या भएको छ । त्यसैगरी यातनाको घटनामा २ जना, गिरफ्तारीको घटनामा २ सय ४० जना, जातीय विभेदका घटनामा ६२ जना, कुटपिटका घटनामा ४ सय १४ जना, अमानवीय व्यवहारका घटनामा ३१ जना, भेला तथा सङ्गठित हुने अधिकारमा ५ सय ५ जना पीडित भएको इन्सेकको अभिलेख छ ।

इन्सेकको अभिलेख अनुसार प्रहरी हिरासतमा २ जना र कारागारमा ५१ जनाको मृत्यु भएको छ । संखुवासभा कारागारमा प्रहरीको यातना तथा कुटपिटबाट २ जना बन्दीको मृत्यु भएको पनि उल्लेख गरिएको छ । त्यसैगरी राज्य पक्षबाट एक जना बेपत्ता पारिएको र अन्य पक्षले २ जनालाई बेपत्ता पारेको इन्सेकको प्रतिवेदनले उल्लेख गरेको छ । सात प्रदेशमध्ये संघीय राजधानी रहेको बागमतीमा मानव अधिकारको अवस्था सबैभन्दा दयनीय देखिएको छ भने सुदूरपश्चिम प्रदेश उत्कृष्ट श्रेणीमा पर्न सफल भएको छ । सन् २०२३ को मानव अधिकार उल्लंघन सूचकांकमा सुदूरपश्चिम पहिलो, गण्डकी दोस्रो र कर्णाली तेस्रो स्थानमा आएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सोमबार सार्वजनिक गरेको नतीजा अनुसार बागमतीपछि खराब अवस्था मधेश प्रदेशको छ । लुम्बनी र कोशीको अवस्था मध्यम देखिन्छ ।

सन् १९९२ देखि वर्ष पुस्तक निकाल्दै आएको इन्सेकले 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४' मा पहिलो पटक मानव अधिकार उल्लंघन सूचकांक सार्वजनिक गरेको हो। ३२औं वर्ष पुस्तकमा शारीरिक हिंसाका १४ क्षेत्रहरू अनुसार सात प्रदेशको सापेक्षित स्थितिको विश्लेषण गरिएको छ। ती क्षेत्रमा अपहरण, गिरफ्तारी, कुटपिट, बाल अधिकार, जेलमा मृत्यु, हिरासतमा मृत्यु, बेपत्ता, अमानवीय व्यवहार, घाइते, हत्या, धम्की, यातना, भेला हुने अधिकार र महिला अधिकार छन् । शारीरिक हिंसा प्रतिबिम्बित हुने मानव अधिकार उल्लंघनको समग्र सूचकांकमा ८५.२४ अंक सहित बागमती सबैभन्दा खराब अवस्थामा छ । त्यस्तै, मधेशको ६४.३९, कोशीको ४९.८१, लुम्बिनीको ४२.१२, कर्णालीको ३१.२५, गण्डकीको १६.३६ र सुदूरपश्चिमको ९.५१ सूचकांक छ।प्रदेश प्रदेश बीचमा कस्को अवस्था के छर ती प्रदेशका सरकारको भूमिका पनि बुझ्न सघाएको छ ।

सबै नागरिकको सुरक्षा गर्नुपर्ने दायित्व बोकेको सरकारबाटै मानव अधिकार उल्लंघनका सबैभन्दा बढी घटना भएको देखिन्छ। अपराध नियन्त्रण र कानून कार्यान्वयन गर्नुपर्ने सरकारबाटै आधार भूत मानव अधिकार समेत पालना भएको देखिंदैन।अपराधीलाई माफी दिने, मुद्दा फिर्ता लिने र पहूँचका आधारमा अपराधमा संलग्नलाई उन्मुक्ति दिंदै जाँदा मानवअधिकार उल्लंघनका घटना बढ्दै जानेछ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वस्थ्यमा सुधार | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कोरियन भाषा परीक्षा २०८१ पुस २ गतेसम्म

**रासस**
काठमाडौं, ८ फागुन

इपीएस कोरिया शाखाले सुरु गरेको कोरियन भाषा परीक्षा आगामी २०८१ पुस २ गते सकिने भएको छ ।

सोमबार पहिलो चरणअन्तर्गत सुरु भएको उक्त परीक्षामा ४७ हजार पाँच सय १९ जना सहभागी हुने उक्त परीक्षा आउँदो चैत २४ गते सकिने इपीएस कोरिया शाखाका निर्देशक मैयाँ कँडेलले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार दोस्रो चरणमा ७९ हजार नौ सय ३७ जनाको परीक्षा लिइने भएको र उक्त परीक्षा आउँदो २०८१ को वैशाख ३१ गतेदेखि साउन १६ गतेसम्म सञ्चालन हुने छ । यसैगरी तेस्रो चरणको परीक्षामा ३६ हजार एक सय ७९ जना परीक्षार्थी सहभागी हुने तथा उक्त परीक्षा २०८१ कात्तिक २६ गतेदेखि सुरु भएर २०८१ पुस २ गतेसम्म सञ्चालन हुने भएको छ । सन् २०२३ का लागि कोरियाको उत्पादनमूलक क्षेत्रतर्फ एक लाख ६३ हजार ६ सय ३५ जनाले आवेदन दिएको इपीएस कोरिया शाखाले जनाएको छ । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैँसेपाटीमा परीक्षा सुरु भइरहेको र उक्त परीक्षाका लागि एक दिनमा पाँचवटा सिफ्ट तयार गरी दिनमा एक हजारजनाले परीक्षा दिन थालेको इपीएस कोरिया शाखाका निर्देशक कँडेलले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पहिलो सिफ्टमा करिब ४७ हजार पाँच सय १९ जनाले कोरियन भाषा परीक्षा दिनेछन्, शनिबार पनि परीक्षा लिने गरी व्यवस्था मिलाएका छौँ, तीन चरणमा सञ्चालन हुने उक्त परीक्षा आगामी २०८१ पुस २ गते सकिन्छ ।" परीक्षाको अघिल्लो दिन आफ्नो सिफ्टअनुसार इपीएस शाखा, कार्यालय ग्वार्कोमा बायो-मेट्रिक रजिस्ट्रेसन फिङ्र प्रिन्ट दर्ताको लागि उपस्थित भई परीक्षाको दिन परीक्षा केन्द्र भैँसेपाटीमा बायोमेट्रिक भेरिफाइ हुने इपीएस कोरिया शाखाका शाखा अधिकृत कमल श्रेष्ठले जानकारी दिनुभयो ।

परीक्षा समयभन्दा एक घण्टाअघि परीक्षा हलमा परामर्श सुरु हुने र निर्धारित समयमा उपस्थित नभएमा परीक्षामा सहभागी नगराइने निर्देशक कँडेलले बताउनुभयो । उहाँका अनुसार उक्त परीक्षामा मोबाइल फोन, स्मार्ट वाचलगायतका कुनै पनि विद्युतीय सञ्चारका साधन लैजान निषेध गरिएको छ। यसैगरी परीक्षामा चिट, कपी गरेको तथा अरू अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गर्नका साथै चार वर्षसम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिएको इपीएस कार्यालयले जनाएको छ ।

# म्याग्देमा नवप्रवर्द्धन युवा व्यवसायी सम्मेलन

**पोखरापत्र संवाददाता**
दमौली, ८ फागुन

जिल्लाको म्याग्दे गाउँपालिकाले आफ्नो क्षेत्रको आर्थिक विकासका लागि नवप्रवर्द्धन युवा व्यवसायी सम्मेलनको तयारी गरेको छ ।

युवा व्यवसायीलाई प्रतिस्पर्धी बनाउएर लाभको क्षेत्र पहिचान गर्नका लागि पहिलोपटक गाउँपालिकाले सो सम्मेलन आयोजना गर्न लागेको हो । गाउँपालिकाभित्र रहेका, उद्योगी र व्यवसायीको सीपमार्फत व्यवसाय गर्न उत्प्रेरित व्यक्ति तथा लगानी गर्न इच्छुक लक्ष्य गरी फागुनको अन्तिम सातासम्म सम्मेलन आयोजना गर्न गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमअन्तर्गत युवाको चाहना र लक्ष्यलाई पूरा गर्ने मुख्य उद्देश्य सम्मेलनको रहेको उहाँको भनाइ थियो । उक्त गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले सम्मेलनबाट प्रतिस्पर्धी लाभको क्षेत्रको पहिचान स्वयं युवा व्यवसायीले गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "व्यवसाय गर्न इच्छुक व्यक्ति वा समूहले प्रस्ताव पेस गरेपछि पालिकाबाट सहयोग गर्ने र व्यवसायलाई अगाडि बढाउने नयाँ कार्यक्रम हो ।" गाउँपालिकाको दिगो आर्थिक विकासका लागि स्थानीय स्तरमा हुने उद्यम व्यवसाय, पर्यटन, स्थानीय उत्पादन, पूर्वाधार निर्माण, सीप विकास तालिम, उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन, विशिष्टीकृत वस्तु उत्पादन तथा बजारीकरणलगायत विषयमा सम्मेलनमा छलफल हुने नवप्रवर्द्धन कार्यक्रमका स्रोत व्यक्ति एवं गाउँपालिकाका अधिकृत प्रदीप न्यौपानेले जानकारी दिनुभयो । स्थानीय क्षेत्रको आर्थिक विकास गर्नु, उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, उद्यमशीलता प्रवर्द्धन गरी रोजगारी र आय आर्जन गर्नुलगायत कार्यक्रमको उद्देश्य रहेको उहाँको भनाइ थियो ।



## शिक्षक आवश्यकता

पोखरा महानगरपालिका शिक्षा महाशाखा पोखराको मिति २०८०/११/०८ च.नं. ५०० पत्र संख्या ०८०/०८१ को प्राप्त पत्र अनुसार यस विद्यालयको शिक्षण सिकाई अनुदान कोटामा रहेको निमावि तहको अंग्रेजी विषयको शिक्षक करारमा नियुक्तीको लागि विज्ञापन गर्ने अनुमती प्राप्त भएको हुँदा यस विद्यालय व्य.स.को बैठकको निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपसील बमोजिमका योग्यता पुरा भएका इन्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**

विज्ञापन नं.: ०१/२०८०
पदः करार शिक्षक संख्याः १ जना
तलव स्केलः नेपाल सरकारबाट प्राप्त अनुदान अनुसार ।
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
योग्यताः मुख्य विषय अंग्रेजी लिई १२ पास गरेको ।
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८०/११/२२ गते ४:०० बजेसम्म
सम्पर्क मितिः २०८०/११/२२ गते ४:००बजे पछि
परीक्षा मितिः २०८०/११/२३ गते
दरखास्त दस्तुरः रु २०००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः पो.म.न.पा. शिक्षा महाशाखा

**श्री सरस्वती आधारभूत विद्यालय**
**पोखरा-१२, ढिकालेथर, कास्की**
**सम्पर्क नं.: प्र.अ. ९८४६०४४२५६ अध्यक्षः ९८४६०४५४०४**


# सेकुङताल फन्को लगाउने पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ फागुन

मुस्ताङको थासाङ गाउँपालिका-२ मा रहेको सेकुङताल फन्को लगाउने पैदलमार्ग निर्माण भएको छ ।

सङ्घीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र थासाङ गाउँपालिकाको लागत साझेदारीमा मुस्ताङ भित्रने पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले सेकुङताल संरक्षण गर्नुका साथै पूर्वाधार निर्माण भएको हो । गोलो आकारको सेकुङतालको वरपर ढुङ्गा बिछ्याएर एक सय ९१ मिटर पैदलमार्ग निर्माण भएको थासाङ गाउँपालिकाका इन्जिनियर विष्णु बाँस्तोलाले बताउनुभयो । "तालमा बाहिरबाट बाढी पस्न नदिनका लागि एक सय २४ दशमव पाँच मिटर रिटेनिङ (पक्की) पर्खाल पनि बनाएका छौँ", उहाँले भन्नुभयो, "ताल नजिकै दुईकोठे पक्की सार्वजनिक शौचालय निर्माण गरिएको छ ।"

इन्जिनियर बाँस्तोलाका अनुसार बेनी-जोमसोम सडकको ताङ्छराबाट सेकुङ हुदै भुतर्छोताल जोड्ने तीन किलोमिटर पाँच सय १० मिटर सडक पनि निर्माण भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ७० प्रतिशत र थासाङ गाउँपालिकाको ३० प्रतिशत साझेदारीमा पूर्वाधार निर्माण भएको हो । सेकुङका साथै भुतर्छो, टिटीताल र गुरुसाङ्वो गुफामा रु दुई करोड ९९ लाख ९७ हजार एक सय २६ लगानीमा पूर्वाधार निर्माण भएको इन्जिनियर बाँस्तोलाले बताउनुभयो । खुला रहेकाले वरपरको पाखाबाट तालमा बाढी पस्ने समस्या थियो । ताल परिसरमा निर्माण भएको रिटेनिङ पर्खालले पाखोबाट आउने बाढी र पहिरो नियन्त्रणमा सघाउ पुगेको थासाङ गाउँपालिका-२ कोवाङका वडाध्यक्ष सन्तोष शेरचनले बताउनुभयो ।

सेकुङतालको पृष्ठभूमिमा पूर्वतर्फ निलगिरि र पश्चिममा धवलागिरि हिमाल देख्न सकिन्छ । करिब एक सय ५० मिटर लम्बाइ र २० मिटर चौडाइको सेकोङताल समुद्री सतहबाट दुई हजार सात सय २५ मिटरको उचाइमा अवस्थित छ । ताल परिसरमा चौँरी, भेडाबाख्रा र गाईभैँसीको चरन खर्क छ । धवलागिरि र तिलिचोपिक हिमालको फेदीमा रहेको ताल परिसरको जङ्गल र एकान्त वातावरणका साथै वन्यजन्तु र पक्षीहरूको पनि अवलोकन गर्न सकिन्छ । आकाश खुलेको अवस्थामा धवलागिरि, तिलिचो पिक र निलगिरि हिमालको छायाँ देखिन्छ । ताल, हिमाल, वनजङ्गल, वन्यजन्तु र पक्षीहरूको एकैपटक अवलोकन गर्न पाउँदा निकै रमाइलो महसुस भएको म्याग्दीबाट सेकुङताल घुम्न जानुभएका सुरेन गुरुङले बताउनुभयो । सेकुङताल धवलागिरि आइसफल जाने पदमार्गको प्रवेश विन्दुमा पर्छ ।

ताल परिसरको चरन खर्कमा शरद र वसन्त ऋतुमा गाईभैँसी, भेडाबाख्रा र चौँरीगोठ रहन्छन् । सेकुङतालबाट पाँच मिनेट पैदलयात्रा गरेपछि भुर्छतोताल पुगिन्छ । प्राकृतिक सौन्दर्यले रमणीय तालमा पर्यटकको चहलपहल बढ्न थालेको छ । यसअघि सुनसान थियो । सडक, सुरक्षित पदमार्ग र ताल संरक्षण भएपछि पर्यटक भुल्न थालेका ताङ्छराको होलिडे क्याम्प होटलका सञ्चालक राजु गौचनले बताउनुभयो ।

# तामाङ बौद्ध सेवा समिति पोखराले मनायो सोनाम ल्होछार

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

तामाङ बौद्ध सेवा समिति संगहमटोल पोखराले मञ्जुश्री सम्वत् २८६० औं डुकरमु पुख्री ल्हो सोनाम ल्होछारको सुखद अवसरमा शुभकामना आदान प्रदान, सम्मान, सामुहिक भोज एवम् विविध साँस्कृतिक कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ ।

कार्यक्रमको प्रमुख अतिथि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कुङामा दीप प्रज्वलन समुद्घाटन गर्नुभएको थियो। प्रमुख अतिथिलाई समितिका अध्यक्ष विष्णु योञ्जनले तामाङ (तागी) टोपी ओढाएर स्वागत गरेका थिए। कार्यक्रमको उद्घाटन गदै उनले तामाङ जाती नेपालका विविध आदिवासीजनजाति मध्ये छुट्टै इतिहास र अस्तित्व बोकेको जाती भएको बताए ।

तर आधुनिकतासंगै तामाङ जातीको आफ्नो मौलिक भाषा आजका दिनमा धेरै कम बोल्ने गरेको र कुनै पनि जातीको भाषा मासिनु भनेको उसको संस्कार संस्कृति अनि अस्तित्व समाप्त हुनु हो जहाँ हजारौं वर्ष लागेर भाषा बनेको हुन्छ।भौतिक संरचनाको विकास मात्र विकास होइन,कुनै समुदायको मौलिक भाषा,संस्कार र संस्कृतिको संरक्षण संवर्दन र समृद्ध बनाउन सक्नु भनेको अतुलनीय विकास हो । उनले भने हरेक आदिवासीजनजाति समुदायको विशेषगरी मौलिक भाषा संरक्षण संवर्दन र समृद्धताका निम्ति सम्बन्धित संघ संस्था र तिनका अगुवाले भुमिका खेल्नुपर्ने र यसमा महानगरको तर्फबाट साथ सहयोग र सहकार्य गर्न तत्पर रहेको कुरा प्रमुख अतिथि आचार्यले बताए। कार्यक्रममा नेपाल तामाङ घेदुङ पोखरा महानगर समितिका अध्यक्ष शिवु ब्लोन तामाङ, नेपाल तामाङ घेदुङ, जिल्ला समन्वय समिति, कास्कीका अध्यक्ष भक्त बहादुर डुम्जन तामाङ, नेपाल तामाङ युवा घेदुङ कास्कीका पुर्व अध्यक्ष तथा नेपाल आदिवासी जनजाति महासंघ कुवेतका अध्यक्ष अमृत लोप्चन, नेपाल तामाङ घेदुङ, कास्कीका पुर्व अध्यक्ष तथा ताम्बा ना।सु। राम प्रसाद सम्देन तामाङ, राष्ट्रिय आदिवासीजनजाति महिला महासंघ जिल्ला समन्वय परिषद कास्कीका उपाध्यक्ष मिन माया तामाङ, पोखरा महानगरपालिका वडा नं १३ का महिला सदस्य सुचिता तामाङ, तामाङ बौद्ध आमा समूहका अध्यक्ष पुष्पा तामाङ,तमु धिं नेपालका अध्यक्ष हुम गुरुङ, नेपाल तामाङ घेदुङ संघीय कार्यकारी समितिका उपाध्यक्ष दिपक वाईबा तामाङ, नेपाल तामाङ घेदुङ केन्द्रिय पुर्व अध्यक्ष तथा लोकोत्तर लोकवादी विचार अभियानका प्रवर्तक धन प्रसाद डुम्जन तामाङ र नेपाल तामाङ घेदुङ केन्द्रीय पुर्व का।वा।अध्यक्ष कुम बहादुर योञ्जन लगायतका अतिथिहरुले शुभकामना मन्तव्य सहित आफ्ना महत्वपूर्ण भनाइ राखेका थिए । उक्त कार्यक्रममा संस्थाका १० जना लामा गुरु,४ जना बोम्बो समुह,उत्कृष्ट म्हेन्दोमाया नाच प्रस्तुत गर्ने २० जना कलाकार साथै संस्थालाई आर्थिक,भौतिक र नैतिक रुपमा योगदान पुऱ्याउने दर्जनौं दाताहरुलाई सम्मान स्वरूप मायाको चिनो प्रदान गरिएको थियो। आर्थिक सहयोग दाता सम्मान कार्यक्रमको संचालन आमा समुहका सचिव शान्ति लोप्चनले गरेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष शेरजङ वाईबा,स्वागत नृत्य सन्ध्या न्हेगी, दिलासा वाईबा, प्रिया न्हेगी र स्वागत गीत शान्ति थिङ तामाङले प्रस्तुत गरेकी थिइन । संस्थाका अध्यक्ष विष्णु योञ्जनको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको संचालन समितिका सचिव पवित्रा थोकरले गरेकी थिइन ।



**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/११/०८

यस कार्यालयबाट मिति २०७६/११/२८ मा कास्की जिल्ला पोखरा १७ कास्कीमा संचालन गर्ने गरि पोखरा २२ कास्की निवासी नारायणी क्षेत्रीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १६९८४/०७६/०७७ (४००५) को थ्री भ्यु रेष्टुरेन्ट एण्ड थकाली किचन नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/११/०८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# जन्ती जीप दुर्घटना : मृतकको सङ्ख्या तीन पुग्यो

पोखरापत्र संवाददाता
दमौली, ८ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ गिरानचौरस्थित भित्री सडकमा सोमबार भएको जीप दुर्घटनामा मृतकको सङ्ख्या तीन पुगेको छ। जन्ती बोकेर छापस्वाँरा जाँदै गरेको जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए।

घाइतेमध्ये आँबुखैरेनी गाउँपालिका-६ का ५६ वर्षीय शेरबहादुर गुरुङको सोमबार राति उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो। दुर्घटनामा परी सोही ठाउँ बस्ने ७२ वर्षीय आसपुर गुरुङ र व्यास नगरपालिका-९ गजौडे बस्ने १७ वर्षीया तुलसी गुरुङको मृत्यु भएको थियो । दुर्घटनामा घाइते भएका अन्यको चितवनमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

छापस्वाँरामा आइतबारदेखि विवाहको रमाइलो माहोल थियो । केटापक्ष केटी लिन भानुको मिर्लुङ पुग्यो। आइतबार राति नै दुलही लिएर जन्ती फर्किँदै थियो । दुलाहादुलही चढेको गाडी घर पुगिसकेको थियो। तर अन्तिममा आउँदै गरेको बोलेरो जीप अचानक दुर्घटनामा पर्‍यो।

आँबुखैरेनी गाउँपालिका-१ गिरानचौरस्थित भित्री सडकखण्डमा छापस्वाँरा जाँदै गरेको जन्ती बोकेको जीप दुर्घटना भयो । दुर्घटनापश्चात् विवाहको रमाइलो माहोल शोकमा बदलिएको छ । आँबुखैरेनी-६ का वडाध्यक्ष दिलिप गुरुङले दुर्घटनापश्चात् गाउँ नै शोकमा डुबेको बताउनुभयो । उहाँले भन्नुभयो, “खुसीको क्षणलाई दुर्घटनाको दुःखद क्षणले नरमाइलो बनाएको छ। गाउँ शोकमा डुबेको छ।” गुरुङका अनुसार विवाहका लागि तीन वटा गाडी लगिएको थियो । त्यसमध्ये अन्तिमको गाडी दुर्घटनामा परेको हो। उहाँले भन्नुभयो, “दुई वटा गाडी घर पुगिसकेको थियो । आफन्तहरू चढेको बोलेरो जीप दुर्घटना भयो। घाइतेहरू पनि आफन्त नै हुन्।”

# मौसममा बदली बिहीबारसम्मै रहने

रासस
काठमाडौं, ८ फागुन

नेपालमा पुनः मौसम बदली भएको छ। गए रातिदेखि पश्चिमबाट सुरु भएको मौसम बदली देशभर फैलने क्रममा रहेको छ। यो क्रम बिहीबारसम्म जारी रहने र शुक्रबारबाट पश्चिम क्षेत्र हुँदै क्रमशः सुधार हुँदै जाने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान माहशाखाका मौसमविद् गङ्गा नगरकोटीले जानकारी दिनुभयो। उहाँले गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा मौसम बदली भइसकेको र केही स्थानमा छिटफुटदेखि हल्का तथा मध्यम वर्षा सुरु भएको जानकारी दिनुभयो।

काठमाडौं उपत्यकामा बादल लाग्न थालिसकेको पनि उहाँले बताउनुभयो। बिहीबार भने काठमाडौंमा वर्षाको सम्भावना रहेको र त्यसअघि भने फाट्टफुट्ट हुनसक्ने पनि उहाँले जानकारी दिनुभयो । विस्तारै मौसम बदली पश्चिमबाट पूर्व सरिहेको छ। विभागका अनुसार हाल नेपालमा पश्चिमी वायुको प्रभाव रहेको छ। गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा मौसम आंशिक बदलीदेखि मुख्यतया सफा रहेको छ।

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको ७ दिने सूचना

**तेश्रो पटक प्रकाशित मिति २०८०/११/०९**

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०४/२२ गतेको आदर्श समाज राष्ट्रिय दैनिक र पोखरापत्र राष्ट्रिय दैनिकमा ३५ दिने सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत अटेर गरी मिति २०८०/०८/१७ गतेको आदर्श समाज राष्ट्रिय दैनिकमा ३५ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गरी पून दोश्रो पटक मिति २०८०/१०/१५ गतेको आदर्श समाज राष्ट्रिय दैनिकमा २१ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्था संग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०७७ तथा ऋण असुली नीति २०७७ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३५ औं र २१ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्दा कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुँदा तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही तेश्रो पटक यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, संचालक धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि यथाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं।

**तपसिलः**

<table>
<tr><th>ऋणीको फोटो</th><th>ऋणी सदस्यको विवरण</th><th>जमानीको फोटो</th><th>जमानीको विवरण</th></tr>
<tr><td></td><td>१. नामः अनिता सुवेदी (आचार्य)<br>जन्म मितिः २०५१/०४/०६, वर्षः २९<br>ना.प्र.नं.: ४६१०११/३७३ जारी मितिः२०६७/०९/२३, जि.प्र.का. कास्की<br>पतिः टिकाराम आचार्य ससुराः पोख नारायण आचार्य<br>ठेगानाः साविकः कास्की, पोखरा-२०<br>हालः पोखरा-०४, गणेश टोल</td><td></td><td>१. नामः टिकाराम आचार्य<br>जन्ममितिः २०३९/११/०९, वर्षः ४१<br>ना.प्र.नं.: १०१४१७, जारी मितिः२०५६/१२/०९, जि.प्र.का. कास्की<br>पिता : पोख नारायण आचार्य बाजेः टिकाराम आचार्य<br>ठेगानाः साबिक भलाम-५, कास्की<br>हाल : पोखरा-०४, गणेश टोल</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री अनिता सुवेदी (आचार्य) को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला रुपाकोट वडा नं ३ स्थित कित्ता नं ६४७३ को क्षेत्रफल ०-८-०-०/२५४.३७ वर्ग मि.घर जग्गा लगायत लिग लगापात समेत सम्पूर्ण।</td></tr>
<tr><td rowspan="3"></td><td rowspan="3">१. नामः सविन कुमार बराल<br>जन्म मितिः २०५७/०७/०५, वर्षः २३<br>ना.प्र.नं.:४६-०१-७४-००७८४,<br>जारी मितिः २०७४/०२/०४<br>जि.प्र.का. कास्की<br>बाबुः खिमलाल बराल<br>बाजेः नन्दलाल बराल<br>ठेगानाः साविक पोखरा-२२, कास्की<br>हाल पोखरा-१७, छोरेपाटन</td><td></td><td>१. नामः विष्णुमाया पौडेल बराल<br>जन्ममितिः २०३३/०१/०४, वर्षः ४७<br>ना.प्र.नं.: ५३८९६, जारी मितिः २०५४/०३/०१, जि.प्र.का. कास्की<br>पतिः खिमलाल बराल ससुराः नन्दलाल बराल<br>ठेगानाः साविक पुम्दिभुम्दी-२, कास्की<br>हाल पोखरा-१७, छोरेपाटन</td></tr>
<tr><td></td><td>२. नामः खिमलाल बराल<br>जन्ममितिः २०२८/०१/२८, वर्षः ५२<br>ना.प्र.नं. १४४२२४, जारी मितिः २०६०/१०/१३, जि.प्र.का. कास्की<br>बाबुः नन्दलाल बराल बाजेः दुर्गादत्त बराल<br>ठेगानाः साविक पुम्दिभुम्दी-२, कास्की<br>हाल पोखरा-१७, छोरेपाटन</td></tr>
<tr><td></td><td>३. नामः सन्देश बराल<br>जन्ममितिः २०५६/०७/१४, वर्षः २४<br>ना.प्र.नं.: ४६-०१-७४-००७९३, जारी मितिः २०७४/०२/०४, जि.प्र.का. कास्की<br>बाबुः खिमलाल बराल बाजेः नन्दलाल बराल<br>ठेगानाः साविक पोखरा-२२, कास्की<br>हाल पोखरा-१७, छोरेपाटन</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री सविन कुमार बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९३७, २९५८, २९५४ को कुल क्षेत्रफल १-१४-०-०/९५३.८० वर्ग मि. घर जग्गा लगायत लिग लगापात समेत सम्पूर्ण। श्री खिमलाल बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९५९ को कुल क्षेत्रफल ०-८-०-१/२५६.३१ वर्ग मि. घर जग्गा लगायत लिग लगापात समेत सम्पूर्ण। श्री विष्णुमाया पौडेल बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९५२, २९५६ को कुल क्षेत्रफल ०-८-२-०/२७०.२२ वर्ग मि. घर जग्गा लगायत लिग लगापात समेत सम्पूर्ण। श्री सन्देश बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९५३ को कुल क्षेत्रफल ०-४-०-०/१२७.१६ वर्ग मि. घर जग्गा लगायत लिग लगापात समेत सम्पूर्ण।</td></tr>
<tr><td></td><td>१. नामः खिमलाल बराल<br>जन्म मितिः २०२८/०१/२८, वर्षः ५२<br>ना.प्र.नं.: १४४२२४, जारी मितिः २०६०/१०/१३, जि.प्र.का. कास्की<br>बाबुः नन्दलाल बराल बाजेः दुर्गादत्त बराल<br>ठेगानाः साविक पुम्दिभुम्दी-२, कास्की<br>हाल : पोखरा-१७, छोरेपाटन</td><td></td><td>१. नामः विष्णुमाया पौडेल बराल<br>जन्ममितिः २०३३/०१/०४, वर्षः ४७<br>ना.प्र.नं.: ५३८९६, जारी मितिः २०५४/०३/०१, जि.प्र.का. कास्की<br>पतिः खिमलाल बराल ससुराः नन्दलाल बराल<br>ठेगानाः साविक पुम्दिभुम्दी-२, कास्की<br>हाल : पोखरा-१७, छोरेपाटन</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री खिमलाल बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला जामुने, वडा नं ८, स्थित कित्ता नं ४३, ४१ को क्षेत्रफल २-११-२-०/१३८३.१३ वर्ग मिटर र मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला मट्टीखान बडा नं २ स्थित कित्ता नं ३६९को क्षेत्रफल १-१०-०-०/८२६.६४ वर्ग मिटर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।</td></tr>
</table>

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०२:०० बजे सम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसिसहमतिमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम विक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझदो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफ देही स्वय खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१४. बोलकबोलकर्ताले ऋणीको संस्थालाई भुक्तानी गर्नुपर्ने जम्मा रकम संस्थाको सूचना पाटीमा टांस गरिएको हुँदा सोही अनुसार दरखास्त आव्हान गर्न सुचित गरिन्छ।

**पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिकी गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याक्तन भन्दा कम मूल्यमा लिलाम बिकी भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिकी भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।**

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८०/११/१५<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० देखि बेलुका ०३:३० सम्म | मितिः २०८०/११/१७<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः ०२:०० दिउँसो |

## कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५,०६१-५७६९८८, ०६१-५८०५६७**